मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ४४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस १५ गते बिहीवार (Thursday, December 30. 2021) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सिप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## दुर्घटनामा तीन जनाको मृत्यु

**झापा, पुस १४।** झापाको दमक नगरपालिका-२ भाङ्बारीस्थित भित्री सडकखण्डमा मोटरसाइकल दुर्घटना हुँदा एकैसाथ तीन जनाको मृत्यु भएको छ ।

प्र १-०२-०४३प ६९२६ नम्बरको तीन जना सवार मोटरसाइकल आफैं अनियन्त्रित भएर सडकछेउको रुखमा ठोक्किँदा एकैसाथ तीन जनाको मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक खोटाङ चिसापानी-४ का २३ वर्षीय अनिल विक, चितवन राप्ती-४का १९ वर्षीय किसन सेन्चुरी र ताप्लेजुङ भुइँखोला-३ का १९ वर्षीय अनिल लामगादे रहेका छन् ।

तीनै जनाको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायब उपरीक्षक नवराज कार्कीले बताए । मृतक सबै दमकको एक सुन पसलमा काम गर्दै आएका थिए । घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान शुरु गरेको प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए ।

## चोरीमा संलग्न २ जना सामानसहित पक्राउ

**सुनसरी, पुस १४।** सुनसरीको भोक्राहानर्सिङ गाउँपालिका-४स्थित मोडल पब्लिक स्कुलको कम्प्युटर चोरी गर्ने २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सुनसरी भोक्राहानर्सिङ-५का १८ बर्षीय प्रवेज आलम र २१ बर्षीय सुरज भुजेल रहेका छन् । पब्लिक स्कुलको कोठाबाट कम्प्युटरको सीपीयु ३ थान, लसीडी ३ थान, प्रोजेक्टर १ थान र पानी तान्ने मोटर २ थान चोरी भएको थियो ।

चोरी भएको सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले

(बाँकी अन्तिम पृष्ठमा)

# बालबालिकामा अदूरदृष्टिको समस्या बढ्यो

■ दुई लाख विद्यार्थीको नि:शुल्क आँखा जाँच

■ गाउँका २ र शहरका १0% बालबालिकामा मायोपियाको समस्या



**झापा, पुस १४।** पछिल्लो समय बालबालिकामा अदूरदृष्टि (मायोपिया) को समस्या बढ्दै गएको पाइएको छ ।

गाउँका बालबालिकामा भन्दा शहरका बालबालिकामा मायोपियाको समस्या बढी देखिएको हो । बालबालिकाको आँखाले नजिकको बस्तु बढी हेर्ने काम गर्दा यस्तो समस्या देखिने गरेको मेची आँखा अस्पतालका मेडिकल डाइरेक्टर डा. पुरुषोत्तम जोशीले बताए । डा. जोशीका अनुसार शहरका १० प्रतिशत बालबालिकामा मायोपियाको समस्या देखिएको छ भने गाउँका दुई प्रतिशत बालबालिकामा मात्रै यस्तो समस्या देखिएको छ ।

बच्चाले टाढाको बस्तु नदेख्ने समस्या पछिल्लो समय नेपालमा मात्र नभई दक्षिण एशियामा नै बढिरहेको र ताइवान तथा चीनमा यो समस्या बढी देखिएको डा. जोशीको भनाइ छ ।

शहरमा रहेका बालबालिकाले बढी मोवाइल लगायतका विद्युतीय उपकरण 'ग्याजेट' चलाउने र पढाइमा बढी केन्द्रीत हुने हुँदा यस्तो समस्या देखिएको हो- डा. जोशीले भने- मेची आँखा अस्पतालले दुई लाख तीन हजार आठ सय ३० जना बालबालिकाको आँखा जाँच गर्दा शहरका बालबालिकामा यस्तो सदस्या बढी पाइएको छ ।

६ देखि १८ वर्ष उमेर समूहका बालबालिकाको आँखा जाँच गर्दा अदूरदृष्टिका समस्या भएका ५६ जना बिद्यार्थीको आँखाको शल्यक्रिया गर्नु परेको डा. जोशीले बताए । धेरैजसो बालबालिकामा दृष्टिदोष वा चश्मा लगाउनुपर्ने समस्या देखिएको छ- डा. जोशीले भने - बालबालिकामा अन्धोपनसँग सम्बन्धित अन्य रोगपनि देखिने गरेको र बाल अन्धोपनका प्रमुख कारण मध्ये दृष्टिदोष बाहेक बाहिरी नानीमा फूलो पर्नु, मोतीबिन्दू लाग्नु र टेडो आँखा हुनु रहेका छन् ।

सन् २०१८देखि मेची आँखा अस्पतालले अर्बिस अन्तराष्ट्रिय संस्थाको साझेदारी र नेपाल नेत्र ज्योति संघको सहकार्यमा रिच प्रोजेक्टमार्फत झापाका १५ बटै पालिकामा रहेका विद्यालयका विद्यार्थीको आँखा जाँच गरिएको थियो । आँखा जाँचका क्रममा बालबालिकाका मुख्यतया मायोपियाकै समस्या धेरै देखिएको मेची आँखा अस्पतालका मेडिकल डाइरेक्टर डा. जोशीले बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

## नेपाल तेक्वान्दो संघको उपाध्यक्षमा वस्नेत



**झापा, पुस १४।** नेपाल तेक्वान्दो संघ प्रदेश १को उपाध्यक्षमा बिर्तामोडका युवा व्यवसायी बिनोद बस्नेत मनोनित भएका छन् ।

नेपाल भारत उद्योग वाणिज्य महासंघ प्रदेश १को कार्यसमिति सदस्य समेत रहेका बस्नेतलाई वुधवार नेपाल तेक्वान्दो संघ प्रदेश १को उपाध्यक्षमा मनोनयन गरिएको हो । उनलाई संघका अध्यक्ष शैलेस विष्टले उपाध्यक्षमा मनोनयन गरेका हुन् ।

लामो समयदेखि झापाको बिर्तामोडलाई कार्यक्षेत्र बनाएर उद्योग-व्यवसाय एवम् सामाजिक क्षेत्रमा सक्रिय बस्नेत सयपत्री ट्रेड लिंकका प्रबन्ध निर्देशक हुन् । बस्नेत धेरै औद्योगिक-व्यावसायिक संगठनमा आवद्ध छन् भने दर्जनौं सामाजिक संघ-संस्थामा उत्तिकै सक्रिय छन् ।

उनी नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ कार्यसमिति सदस्य, झापा गोल्डकपका अध्यक्ष, एकका लागि एक अभियानका सह-संयोजक समेत रहेका बस्नेत मेची पेट्रोलियम डिलर्स एशोसिएशनका महासचिव समेत रहेका छन् । बस्नेत नेपाल जेसीजको पूर्व कार्यकारिणी उपाध्यक्ष तथा वीरता जेसीज सन् २००४ को अध्यक्ष पनि हुन् ।

# विद्यालयमा रोकिएन दलगत हस्तक्षेप

**झापा, पुस १४।** बालबालिकाले निर्वाध रुपमा पढ्न पाउने विश्वव्यापी अधिकारको सम्मानसहित विद्यालयलाई राजनीतिक दलगत हस्तक्षेपबाट मुक्त गर्दै शान्ति क्षेत्र बनाउने प्रतिबद्धता गरेका प्रमुख दल र सङ्गठनबाटै पटक-पटक त्यसको उल्लङ्घन हुने गरेको छ।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३१ को शिक्षासम्बन्धी हक, बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ (८) शान्तिपूर्ण तथा बालमैत्री वातावरणमा पढ्न पाउने बालबालिकाको हकको व्यवस्था गरिएको छ । विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका-२०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, दलगत राजनीति तथा अन्य हस्तक्षेप, भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्ने व्यवस्था गरेको छ । वि.सं. २०६३ मंसीर ५ को विस्तृत शान्ति सम्झौतापछि नेपाल सरकारले २०६८ जेठ ११ मा मन्त्रिपरिषद्बाट विद्यालय शान्ति क्षेत्रको अवधारणा पारित गरेको थियो ।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६६ (२) (छ) अनुसार विद्यालयमा हुने त्यस्ता गतिविधि बालबालिकाबिरुद्धको कसुर हो । यो कसुरका लीग रु ७५ हजारसम्म जरिवाना र तीन वर्ष कैद हुनसक्ने प्रावधान छ । यस्तो काम नैतिक पतन हुने फौजदारी कसुर मानिएको छ । उक्त ऐनमा 'कसैले सशस्त्र द्वन्द्व वा जस्तोसुकै प्रतिकूल अवस्थामा कुनै पनि प्रयोग हुने विद्यालयलगायत स्थान, सेवा वा सुविधालाई आक्रमण वा सोको सञ्चालन एवम् व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन'- भन्ने उल्लेख छ भने ऐनको दफा ७२ मा कारबाहीको व्यवस्था गरिएको छ ।

गत निर्वाचनको घोषणापत्रमा वाम गठबन्धनले विद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त गर्दै शान्ति क्षेत्र बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो । नेपाली कांग्रेससहित अन्य दलले पनि घोषणापत्रमा कल्याणकारी

(बाँकी अन्तिम पृष्ठमा)

JOB OPPORTUNITY

We are on the lookout for qualified, experienced and dynamic professionals for the subsequent positions.

1. Primary Coordinator
2. Computer Science Teacher
3. Nepali Teacher

**Requirements**

- Minimum Bachelor's Degree in related area, Master's preferred.
- Minimum 3 years of working experience in English Medium Schools.
- Well Versed in latest teaching pedagogy.
- Excellent communication and interpersonal skills.
- English language proficiency for all subjects, except Nepali.

Interested candidates can apply with a cover latter and an updated CV latest by 17th Poush, 2078 to the following address.

Only short-listed candidates will be called for the interview.

**Takshashila Education Foundation**

Birtamode-6, Ghantibari, Jhapa, Nepal

(Phone :- 023-543211, Mo.: 9841457199)




बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो

विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५000 भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २0७८/0९/१८ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ । इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

*नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि Play Group मा भर्ना खुलेको जानकारी गराइन्छ ।*

सम्पर्क फोन : ०२३-५४२६४७,

मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०

Email : bestfuturemtcbn@gmail.com

विरामी वर्गहरुमा खुशीको खबर

डा. समिर पौडेल

M.B.B.S. (MD) Internal Medicine (T.U.T.H.)

DM (Cardiology) NAMS, Bir Hospital

NMC-4515

बरिष्ठ मुटु रोग विशेषज्ञ

काठमाडौं वीर हस्पिटलबाट यसपटक पुस २४ गते शनिबार बिहान ८ देखि ४ बजेसम्म । टेलिफोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

प्रान्जल फार्मेसी

बिर्तामोड, अदुवा पुल छेऊ, झापा (फोन :- ०२३-५४४८२२, ९८४२६५४३२५)

नोटः यहाँ प्याथोलोजी ल्याब, Digital X-ray तथा Video X-ray दैनिक सेवा उपलब्ध छ ।

Opening विशेष छुट ! Opening विशेष छुट !!

खुल्यो ! खुल्यो !! खुल्यो !!!

उपभोक्ताका लागि खुशीको खबर !

तपाईको शहरमा पहिलो पटक-तपाइँले खोजे जस्तै, तपाइले रोजे जस्तै

मार्ट उद्घाटन : पुस १७ गते शनिवार दिनको १ बजे

मासुका पारखी उपभोक्तहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने बाध्यताका दिन गए । उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी सफा र सुरक्षित वधशालामा वध गरिएका विभिन्न जातका पशुपंक्षीहरुको मासुका साथै लोकल कुखुरा र बट्टाईका अण्डा सुपथ मूल्यमा उपलब्ध गराइरहेका छौं । फ्रोजन गरी स्वस्थ्यकर बनाइएका, आधुनिक औजार प्रयोग गरी सफासंग टुक्रा बनाइएका र जीवाणुरहित बनाई प्याकेजिङ गरिएका मासुका लागि आधुनिक, व्यवस्थित र नेपाल सरकारको मापदण्ड अनुरुपको **भाउजु मिट मार्ट**द्वारा सञ्चालित **मिट माउण्ट**लाई सँधै सम्झनु होस् ।

जन्म, विवाह, भोज, चाडपर्व, पिकनिक र अन्य विषेश अवसरका साथै, होटल, रेस्टुरेन्ट, होस्टल तथा क्याटरिङका लागि विशेष छुटसहित डेलिभरीको समेत व्यवस्था छ ।

**उपभोक्ता कार्ड बनेका नियमित ग्राहकलाई विशेष छुटको अवसर प्रदान गरिएको छ ।**

**तपाईको स्वास्थ्य, हाम्रो जिम्मेवारी**

सम्पर्क तथा विक्री कक्ष :

पुरानो अन्नपूर्ण सिनेमा हल भएको छेउ, अन्नपूर्ण टोल, विर्तामोड-४

सिधा सम्पर्क : ०२३-५४१६३६/ ९८२७९५३८७०/ ९८२७९५३८७१/ ९७४६८६२९३१/ ९७४६८६२९३३




## बालबालिकामा ...

कार्यक्रम लागू भएपछि झापाका पाँच वर्ष मुनिका सबै बालबालिकाको आँखाको जाँच गरिएको छ भने विद्यालयमा अध्ययनरत् ६ देखि १८ वर्ष उमेर समूहका विद्यार्थी र उनीहरुलाई अध्ययन गराउने शिक्षकको समेत आँखा जाँच गरिएको अस्पतालका स्वास्थ्य शिक्षा अधिकृत युवराज बोहोराले बताए। बोहोराका अनुसार झापाका ५ सय ४१ विद्यालयका शिक्षक र विद्यार्थीको निःशुल्क आँखा जाँच गरिएको छ।

अर्बिसले झापा र सुनसरीमा यो कार्यक्रम सञ्चालन गरेको छ। विश्वव्यापी रुपमा बालबालिकाको आँखा जाँचका लागि दक्ष जनशक्ति उत्पादन गर्दै तालिम र विभिन्न खाले कार्यक्रम सञ्चालन गर्दै आएको हो। यसै क्रममा मेची आँखा अस्पतालले समेत यो कार्यक्रम सञ्चालन गरेको र दुई लाखभन्दा बढी बालबालिकाको आँखा जाँच गर्दै कार्यक्रम समापन गरिएको अस्पतालका प्रमुख प्रशासक सुरज रौनियारले जानकारी दिए।

रौनियारका अनुसार जाँच गरिएका बालबालिका मध्ये ६ हजार दुई सय ९५ जनालाई निःशुल्क चश्मा बितरण गरिएको छ भने ४ हजार ७ सय ६५ जना बिद्यार्थीको मेची आँखा अस्पतालमा ल्याएर आँखाको उपचार गरिएको छ। अस्पतालले विभिन्न विद्यालयका ६७६ जना शिक्षकलाई तालिम समेत प्रदान गरेको थियो।

आँखा जाँचका लागि अस्पतालमा कार्यरत दृष्टि विशेषज्ञ, नेत्र सहायक, आँखा स्वास्थ्य कार्यकर्ता, परामर्शकर्ता, अप्टिसियन र आई कर्मचारीको टिमले विभिन्न विद्यालयमा पुगेर बिद्यार्थीको आँखा जाँच गरेको थियो।

मेची आँखा अस्पतालले सन् २०१८/०१९मा गौरादह, दमक नगरपालिका, मेची नगरपालिका, बिर्तामोड नगरपालिका, कचनकवल गाउँपालिका गौरीगञ्ज गाउँपालिका, बुद्धशान्ति गाउँपालिका, अर्जुनधारा नगरपालिकासँग सम्झौता गर्दै कार्यक्रम सञ्चालन गरेको थियो। आगामी दिनमा निजी तथा सामुदायिक विद्यालय सबैलाई समेटेर कार्यक्रम सञ्चालन गरिने बताइएको छ।

**कुन पालिकामा कतिको आँखा जाँच**

झापाका १५ स्थानीय तहमध्ये बिर्तामोड नगरपालिकामा सबैभन्दा धेरै बिद्यार्थीको आँखा जाँच गरिएको छ। बिर्तामोडका ३५ हजार नौ सय ९७ जना बिद्यार्थीको आँखा जाँच गर्दा ५ हजार एक सय ४५ जनामा समस्या देखिएको हो।

अर्जुनधारा नगरपालिकामा १२ हजार २१ जनाको आँखा जाँच गर्दा सात सय ८७ जनामा समस्या देखिएको थियो। भद्रपुरमा १४ हजार ६ सय ६५ जनाको आँखा जाँच गरिएको छ। दमकमा २५ हजार ८३ जनाको आँखा जाँच गरिएको जनाइएको छ। गौरादहमा १२ हजार नौ सय ९०, कनकाईमा ११ हजार १ सय ७२, मेचीनगरमा २५ हजार एक सय २५, शिवसताक्षीमा १३ हजार एक सय ४४ जनाको आँखा जाँच गरिएको थियो।

बाह्रदशी गाउँपालिकामा सात हजार सात ५१, बुद्धशान्तिमा १२ हजार दुई सय ३०, गौरीगञ्जमा ६ हजार चार सय २९, हल्दिवारीमा ६ हजार नौ सय २७, झापामा तीन हजार एक सय ८०, कमलमा ८ हजार ८ सय चार र कचनकवलमा आठ हजार १३ जनाको आँखा जाँच गरिएको बताइएको छ।

मेची आँखा अस्पताल परिसरमा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटी, अर्जुनधाराका नगर प्रमुख हरिकुमार राना, बुद्धशान्ति गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेल, बाह्रदशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाँईसहित विभिन्न पालिकाबाट शिक्षा शाखा प्रमुखको सहभागिता रहेको थियो।

# ओमिक्रोनको उच्च जोखिम

**काठमाडौं, पुस १४।** ओमिक्रोनले अझै पनि धेरै उच्च जोखिम खडा गरेको र यसले स्वास्थ्य सेवा प्रणालीलाई ओझेलमा पार्न सक्ने डब्लूएचओले चेतावनी दिएको छ।

धेरै देशहरूमा अत्यधिक मात्रामा कोरोनाभाइरस ओमिक्रोन संस्करणले प्रकोप बढेको जनाएको छ। गत हप्तामा विश्वव्यापी रूपमा कोरोना सङ्क्रमण ११ प्रतिशतले बढेको थियो। नेदरल्याण्ड्स र स्वीट्जरल्याण्डमा ओमिक्रोन भेरियन्टले तनाव सृजना गरेको छ। ती देशहरुमा विश्व स्वास्थ्य संगठनले सावधानी अपनाउन आग्रह गरेको छ।

ओमिक्रोन चिन्ताको नयाँ संस्करणसँग सम्बन्धित समग्र जोखिम धेरै उच्च रहेको संयुक्त राष्ट्रसंघ स्वास्थ्य एजेन्सीले कोभिड १९ साप्ताहिक महामारी अपडेटमा जानकारी दिएको छ। डब्ल्यूएचओले बेलायत, दक्षिण अफ्रिका र डेनमार्कको प्रारम्भिक तथ्याङ्कमा प्रति व्यक्ति विश्वको तुलनामा सङ्क्रमणको उच्च दर रहेको जनाएको छ। डेल्टाको तुलनामा ओमिक्रोनको लागि अस्पतालमा भर्ना हुने जोखिम कम भएको भएपनि ओमिक्रोनको गाम्भीर्य बुझ्न थप डाटा आवश्यक रहेको जनाइएको छ।

ती अध्ययनहरूको बावजुद, ओमिक्रोनको द्रुत बृद्धिले अझै पनि ठूलो संख्यामा अस्पताल भर्ना हुने, विशेष गरी खोप नभएका समूहहरूमा र स्वास्थ्य प्रणालीमा व्यापक अवरोध ल्याउने जनाइएको छ।

फ्रान्समा युरोपकै हालसम्मकै सर्वाधिक उच्च एक लाख ८० हजार नयाँ दैनिक कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।युरोपका सबै देशले ओमिक्रोन भेरियन्ट नियन्त्रण गर्न संघर्ष गरिरहेका छन्। इटली, ग्रीस, पोर्चुगल र इंग्ल्यान्ड



सबैमा उच्च सङ्ख्यामा सङ्क्रमणहरू पुष्टि भएका छन्।

क्रिसमसका कारण परीक्षणका परिणामहरू आउन ढिलो हुनुलाई आँकडा बढ्नुको आंशिक कारण मानिएको छ। विश्व स्वास्थ्य सङ्गठनले युरोपमा बढ्दो सङ्क्रमणले स्वास्थ्य प्रणालीमा थेग्नै नसक्ने किसिमको चाप उत्पन्न गराउन सक्ने चेतावनी दिएको छ। मङ्गलवार फ्रान्समा १ लाख ७९ हजारभन्दा बढी सङ्क्रमण पुष्टि भएको थियो। सङ्क्रमित संख्यामा कीर्तिमान कायम गर्नेमा फ्रान्ससहित इटली, ग्रीस, पोर्चुगल र इङ्गल्यान्ड पनि छन्।

चाडपर्व लगत्तै आइरहेको बढ्दो सङ्क्रमणको विवरण तीव्र गतिमा फैलिने ओमिक्रोन भेरियन्टका कारण निम्तिएको ठानिन्छ। अध्ययनहरूले डेल्टाभन्दा ओमिक्रोन भेरियन्ट कमजोर रहेको र त्यसका कारण अस्पताल भर्ना हुनुपर्ने अवस्था ३० देखि ७० प्रतिशत कम हुने देखाएका छन्। इटलीमा सङ्क्रमितको संख्या ७८ हजार नाघेको छ जुन महामारी यताकै उच्च हो। त्यहाँ २०२ जनाको मृत्यु भएसँगै हालसम्म ज्यान गुमाउनेको संख्या १ लाख ३६ हजार ७ सय ५३ पुगेको छ। पोर्चुगलमा सङ्क्रमितको नयाँ कूल संख्या मङ्गलवार १७ हजार १ सय ७२ पुगेको थियो।

ग्रीसमा २१ हजार ६७५ वटा सङ्क्रमणका घटना पुष्टि भएपछि त्यहाँका स्वास्थ्यमन्त्रीले शान्त रहन अनुरोध गरेका छन्। साइप्रसमा २ हजार २४१ नयाँ सङ्क्रमणका घटना पुष्टि भएको छ, जुन एक दिनको सर्वाधिक उच्च संख्या हो। यसैबीच इंग्ल्यान्डमा कीर्तिमानी १ लाख १७ हजार ९३ सङ्क्रमणका विवरण स्वास्थ्य अधिकारीहरूले दिएका छन्। क्रिसमसका कारण युकेभरिको तथ्याङ्क भने आएको छैन।

## भारतमा थप नौ हजार १९५ जना संक्रमित

***भारत, पुस १४।*** *भारतमा कोरोना भाइरसबाट थप नौ हजार १ सय ९५ सङ्क्रमित भएको केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ।*

*गत २४ घण्टामा थपिएका सङ्क्रमितहरुमध्ये ७ सय ८१ जना ओमिक्रोन भेरियन्टका रहेका छन्। यसैसँगै भारतमा कूल कोरोना सङ्क्रमित संख्या तीन करोड ४८ लाख आठ हजार ८ सय ८६ पुगेका पनि सो मन्त्रालयले जानकारी दिएको छ।*

*सोही अवधिमा थप ३०२ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८० हजार ५ सय ९२ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको संख्या ७७ हजार २ रहेको छ। अहिले सङ्क्रमित अवस्थामै रहेकाको संख्या कूल सङ्क्रमितको संख्याको ०.२२ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ। सक्रिय सङ्क्रमितको यो संख्या सन् २०२० मार्चपछि सबैभन्दा कम भएको समाचारमा जनाइएको छ।*

*गएको २४ घण्टामा भारतमा सात हजार ३ सय ४७ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४२ लाख ५१ हजार २ सय ९२ जना सङ्क्रमणममुक्त भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.४० प्रतिशत रहेको जनाइएको छ। यो संख्या सन् २०२०को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ।*

*भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६७ करोड ४१ लाखभन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। यहाँ जनवरी १६ सन् २०२१बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ४३ करोड १५ लाख ३५ हजार ६४१ भन्दा बढी डोज खोप लगाएको जनाइएको छ।*

## खोप लगाउन सरकारको आग्रह

**काठमाडौं, पुस १४।** सरकारले कोरोना भाइरसविरुद्धको खोप लगाउन उपत्यकाका सबैलाई आग्रह गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सूचना जारी गर्दै कोरोना भाइरसको जोखिम कम गर्न उपत्यकाका सबैलाई खोप लगाउन आग्रह गरेको हो।

मन्त्रालयले काठमाडौं, ललितपुर र भक्तपुरका सबैलाई सूचना जारी गर्दै भेरोसेल, कोभिशिल्ड र एस्ट्राजेनिका खोप लगाउन आग्रह गरेको मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले जानकारी दिए। काठमाडौं र ललितपुरमा बिहान १० देखि ३ बजेसम्म र भक्तपुर बिहान १०देखि १ बजेसम्म खोप लगाउन आग्रह गरिएको छ। काठमाडौं र ललितपुरमा ११/११ खोप केन्द्र र भक्तपुर दुई खोप केन्द्रमा १८ वर्षभन्दामाथिका सबैलाई खोप लगाउन भनिएको छ।

काठमाडौंमा सशस्त्र प्रहरी अस्पताल बलम्बु, वीरेन्द्र सैनिक अस्पताल छाउनी, नेपाल प्रहरी अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल, शहीद मेमोरियल अस्पताल कलङ्की, लोत्से भवन नयाँ बसपार्क, वीरअस्पताल, बयोधा अस्पताल, निजामति कर्मचारी अस्पताल र एपेक्स पोलिक्लिनिक कोटेश्वरमा खोप लगाइँदै छ।

यस्तै भक्तपुरमा नेपाल कोरियामैत्री अस्पताल ठिमी र खोपः अस्पताल च्यामसिंह तथा ललितपुरमा पाटन अस्पताल, छवा-बहाल जनस्वास्थ्य शाखा र सैबु स्वास्थ्यचौकी, बज्रवराही चापागाउँ अस्पताल, बाडेगाउँ प्राथमिक स्वास्थ्य चौकी, लेले स्वास्थ्य प्राथमिक केन्द्र, लुभू प्राथमिक स्वास्थ्य केन्द्र, इमाडोल स्वास्थ्य चौकी, भट्टेडाँडा स्वास्थ्यचौकी, चौघरे स्वास्थ्यचौकी र गोटीखेल स्वास्थ्यचौकीमा पनि खोप लगाइँदै छ। सरकारले नियमित रूपमा कोरोना भाइरसविरुद्धको खोप लगाउँदै आएको छ।

# स्मार्ट लाइसेन्सः दैनिक १० हजार छापिंदै

**काठमाडौं, पुस १४।** झन्डै नौ महिनालेखि अभावका कारण वितरण गर्न रोकिएको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) छपाइको कामलाई तीव्रता दिइएको अधिकारीहरूले बताएका छन्।

यातायात व्यवस्था विभागले लाइसेन्स कुरेर बसेका लाखौं सर्वसाधारणले चाँडै कार्ड प्राप्त गर्ने गरी काम अघि बढाइएको जनाएको छ। त्यसका लागि १८ घण्टासम्म छपाइको काम हुने गरी दैनिक सातदेखि दश हजार लाइसेन्स छाप्ने प्रबन्ध मिलाइएको छ।

कोरोनाभाइरस महामारी र लकडाउनलाई कारण देखाउँदै २०७६ चैतदेखि तीन महिनाका लागि नयाँ चालक अनुमति पत्रको आवेदन बन्द गरिएको थियो। महामारीको दोस्रो लहर शुरु भएपछि गत वैशाख १६ गतेदेखि पुनः ठप्प पारिएको आवेदन कात्तिक ७ गतेदेखि खुला गरिएको भए पनि सहज रूपमा लाइसेन्सको छपाइ हुन सकेको छैन।

**अहिलेको अवस्था कस्तो छ ?**

सवारी चालक अनुमतिपत्रका लागि परीक्षा उत्तीर्ण गरेर बसेका चार लाख ५० हजारभन्दा बढी चालक परीक्षा उत्तीर्ण गरेपछि दस्तुर तिरेको रसिद वा एक वर्षसम्म कायम रहने परीक्षणकालीन लाइसेन्सका भरमा सवारी चलाउन बाध्य छन्।

लाइसेन्स छपाउनका लागि आवश्यक पर्ने कार्ड सकिएको भन्दै अत्यावश्यक प्रयोजनका लागि आवेदन दिएका बाहेकलाई लाइसेन्स वितरण बन्द गरेको विभागले कार्ड खरिदमै झण्डै एक वर्ष लगायो। पछिल्लो समय १४ लाख कार्ड प्राप्त गरी त्यसको प्राविधिक परीक्षण सकिएसँगै विभागले कार्ड छपाइको कार्यलाई तीव्रता दिएको छ। अहिले हाम्रो कार्यालयमा एउटा मास प्रिन्टर छ। त्यसलाई सम्भव भएसम्म तीन वा दुई सिफ्ट चलाएर दिनमा सात देखि १० हजारसम्मको सङ्ख्यामा कार्ड प्रकाशन गर्ने गरी टोली बनाएका छौं- विभागका महानिर्देशक नमराज घिमिरेले भने।

हाम्रो योजना अनुसार नियमित छाप्न पायौं भने डेढ महिना जतिमा बाँकी रहेका चार लाख ५० हजार कार्ड प्रकाशन गरेर सम्बन्धित यातायात कार्यालयमार्फत् सेवाग्राहीलाई पठाउँछौं।

**लाइसेन्स हात पर्न कति समय लाग्छ ?**

विभागका प्रवक्ता लोकनाथ भुसालका अनुसार करिब सात लाख लाइसेन्स छपाइको काम तत्काल अघि बढाउनुपर्ने अवस्था रहेको अनुमान गरिएको छ। त्यसबाहेक नयाँ आवेदन अनि परीक्षा उत्तीर्ण गरेकाहरूको संख्या पनि बढ्दो क्रममा छ।

हिजोबाट शुरु भएको लाइसेन्स छपाइको कार्य सम्पन्न भएपछि देशभरिका २१ वटा यातायात कार्यालयमा पठाइनेछ र त्यहाँबाट सेवाग्राहीको हातमा पुग्नेछ। सेवाग्राहीले पाउँदासम्म चार देखि छ महिनाभित्रमा सबै ब्याक लग विगतमा आवेदन प्राप्त भइसकेका तर छपाइ भइनसकेको लाइसेन्स) क्लियर हुन्छ- भुसालले भने।

देशैभरिका आवेदकको कार्ड काठमाडौंमै छापिने भएकाले कार्यालय अनुसार त्यहाँ आवेदन परेका सबै कार्ड छापिएको वा ठूलो संख्यामा छापिए पछि मात्रै पठाइने हुँदा कार्ड छपाइ शुरु भइसकेको भए पनि सेवाग्राहीको हातमा पुग्न भने समय लाग्ने बताइएको छ। तर, यसबीचमा प्राविधिक समस्या आए लाइसेन्सको पर्खाइ थप लम्बिन सक्छ।

सरकारले हुलाक सेवामार्फत् सेवाग्राहीले चाहेको स्थानमै लाइसेन्स कार्ड पुऱ्याउने छलफल अघि बढाएको भए पनि त्यस विषयमा ठोस निर्णय भई नसकेको विभागको भनाइ छ।

**परीक्षणकालीन लाइसेन्सले दिएको राहत**

पछिल्ला दिनमा सवारी चालक अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएकाहरूलाई एक वर्ष समयावधि भएको फरक खालको परीक्षणकालीन लाइसेन्स दिने गरिएको छ।

जसका कारण हाल खरिद गरिएको कार्डले स्मार्ट लाइसेन्सका लागि अझै केही समय थेग्ने विश्वास विभागका अधिकारीहरूको छ। सीमित बजेटमा थोरै संख्यामा कार्डका लागि बोलपत्र आह्वान गर्नु र एकैपटक धेरै सङ्ख्यामा छाप्ने मेशिन नल्याउनुले परीक्षा उत्तीर्ण गरेकाहरूले समयमै लाइसेन्स पाउन नसकेको यातायात व्यवस्था विभागका एकजना पूर्वमहानिर्देशकको भनाइ छ।

बजेटको व्यवस्थापन पनि हुनुपऱ्यो। ल्याउँदाखेरी एकै पटक ठूलो परिमाणमा ग्लोबल टेन्डर गरेर प्रिन्टर पनि त्यही क्षमताको चाहियो। प्रिन्ट गर्ने कार्ड पनि त्यही अनुसारको ल्याउनुपऱ्यो। त्यही नै हो त्यसको उपाय भनेको। त्यो नगरीकन सल्भ (समाधान) हुँदैन- पूर्वसचिव तथा विभागका पूर्वमहानिर्देशक रहिसकेका चन्द्रमान श्रेष्ठले भने।

**१४ लाख कार्ड छापिएपछि के हुन्छ ?**

लाइसेन्स छपाइमा देखिएको समस्या समाधान गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र विभागकाबीच नीतिगत परिवर्तनका विषयमा पछिल्लो समय छलफल भइरहेको छ।

एउटै बोलपत्रबाट एकैपटक एक करोडभन्दा बढी कार्ड खरिद गर्ने वा छपाइदेखि कार्ड खरिद अनि वितरणसम्मको सबै कार्यको जिम्मा एउटै कम्पनीलाई दिने दुई फरक विकल्पमा छलफल भइरहेको अधिकारीहरूले जनाएका छन्। तर, लाइसेन्समा प्रयोग हुने व्यक्तिगत विवरणहरूको सुरक्षालाई सुनिश्चित गर्नुपर्ने भएकाले निर्णयमा पुग्न ढिलाइ भइरहेको उनीहरूको भनाइ छ।

भुसालका अनुसार सरकारले कार्ड खरिद गर्नका लागि चालू आर्थिक वर्षको बजेटमा रकम विनियोजन गरेको छ। तर कसरी, कुन प्रक्रियाबाट खरिद गर्ने वा कस्तो खाले कार्ड ल्याउने विषयमा भने ठोस् निर्णय भइ नसकेको उनले जानकारी दिए। पछिल्लो चरणमा नेपालकै कम्पनीहरूले पनि यस्तो किसिमको कार्ड हामी दिन सक्छौं भन्ने कुरा आएको छ - भुसालले भने। वीवीसी

## विद्यालयमा ...

राज्य अन्तर्गत शिक्षा क्षेत्रलाई सवल बनाउने उल्लेख गरेको थियो। उक्त संवैधानिक व्यवस्था र प्रतिबद्धता विपरीत पछिल्ला समयमा विद्यालयमा पठनपाठन अवरोध हुने गरी राजनीतिक गतिविधि भएको पाइएको छ। सिन्धुलीको गोलन्जोर गाउँपालिकाका चार, बत्साला माध्यमिक विद्यालय र लमजुङको क्व्होलासोथार गाँउपालकि १, जनज्योति माध्यमिक विद्यालयमा बिद्यार्थी सङ्गठन अनेरास्ववियुले यही पुस ८ गते पढाइ अवरोध गरेर विद्यालय कमिटी गठन गर्ने कार्य गरेको छ।

यतै जाजरकोटमा सर्वदलीय निर्णय गरी मेला लगाउन सदरमुकाम खलङ्गाको त्रिभुवन माध्यमिक विद्यालयमा यही पुस १२ देखि १६ सम्म पढाइ बन्द गरिएको छ भने नेकपा (एमाले) पर्साको जगरनाथपुर गाउँपालिकामा पुस ८ गते भएको सभामा त्यहाँका सबै विद्यालय बन्द गरी विद्यार्थीलाई सहभागी गराइएको छ। विद्यमान शिक्षा नियमावलीमा वर्षमा कम्तीमा १९२ दिन विद्यालय खुल्नुपर्ने व्यवस्था छ। बालबालिकामाथि टेलिफोन, इन्टरनेट, अनलाइनलगायत विद्युतीय सञ्चारमाध्यम वा अन्य माध्यमबाट बालबालिकालाई हैरानी गर्ने, तर्साउने, धम्क्याउने, गलत सूचना प्रवाह गर्नेजस्ता कार्य पनि भइरहेका छन्। एघार महिनाअघि गत माघ २१ गते बैतडीमा विद्यालयबाट घर फर्कंदै गर्दा भागरथी भट्टको बलात्कारपछि हत्या गरिएको घटना सार्वजनिक भएको थियो।

गत साउन १७ गते रौतहटको माधवनारायण नगरपालिका-४, विष्णुपुकारस्थित श्री माध्यमिक विद्यालयमा व्यवस्थापन समितिको अध्यक्ष चयनका क्रममा झडप हुँदा बाँसको भाँटाको प्रयोगबाट १७ जना घाइते भएका थिए।

पर्साको वीरगञ्ज महानगरपालिका-२१ स्थित गीतागजेन्द्रराज जोशी माध्यमिक विद्यालयमा गत मंसीर १४ गते अधिकारका लागि आवाज उठाउँदा सुरक्षाकर्मीले विद्यार्थीमाथि हस्तक्षेप गरेका थिए। सञ्चारमाध्यममा सार्वजनिक नभएका यस्ता घटना पनि अनगिन्ती छन्।

बाल संरक्षण र बालअधिकारमा क्रियाशील नागरिक संस्थाको राष्ट्रिय सञ्जाल बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) सहित विभिन्न शैक्षिक सञ्जालले पछिल्ला समयमा विभिन्न दल, भ्रातृ सङ्गठन तथा समुदायस्तरबाटै बालबालिकालाई जुलुस, सभा र विद्यालयमा विद्यार्थी सङ्घ-सङ्गठनका गतिविधिमा सम्लग्न गराएकामा आपत्ति जनाउँदै आएका छन्।

सिजपका अध्यक्ष राजेश शर्मा र महासचिव मीना शर्माले आज जारी गरेको विज्ञप्तिमा जुलुस तथा कुनै पनि राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न, कुनै पनि बहानामा विद्यालय बन्दजस्ता गतिविधि नगर्ने, हुन नदिने र शान्तिपूर्ण सुरक्षित तथा बालमैत्री वातावरणमा शिक्षण सिकाइको प्रत्याभूति गराउने वातावरण गराउन स्थानीय सरकारको पनि ध्यानाकर्षण गराइएको छ। अध्यक्ष शर्माले सञ्जालले सम्बन्धित संस्थाको समन्वयमा बालअधिकार र शिक्षा अधिकारविरोधी त्यस्ता गतिविधिको नियमित र प्रभावकारी अनुगमन गर्ने बताए।

तत्कालीन नेकपा (माओवादी)को सशस्त्र युद्धकालमा २०६० असोज २६ गते डोटीको मुढभरास्थित शारदा उच्च माध्यमिक विद्यालयमा विद्रोही पक्षको सांस्कृतिक कार्यक्रममा सुरक्षा निकायबाट भएको गोली प्रहारका क्रममा चार विद्यार्थीसहित दशको मृत्यु तथा केही विद्यार्थी घाइते भएपछि अधिकारकर्मीले बालबालिका शान्ति क्षेत्र र विद्यालय शान्ति क्षेत्रका लागि देशव्यापी आवाज उठाएका थिए। अभियानकै निरन्तरताका क्रममा सिजप सञ्जाल विस्तार गरिएको हो।

## चोरीमा ...

अनुसन्धानको क्रममा निजहरुको घर नजिकै रहेको परालको टालीमा लुकाई राखेको अवस्थामा उक्त सामानहरु बरामद गरिएको हो। दुवै जनाले ह्याक्सो ब्लेडले स्कुलको ढोकाको ताला काटेर उक्त समानहरु चोरी गरेका थिए। बरामद भएको सामानसहित चोरीमा संलग्न २ जनालाई जिल्ला प्रहरी कार्यालय सुनसरीबाट थप अनुसन्धान भइरहेको छ।

उता सुनसरीको दुहवी नगरपालिका-३बाट एक थान पेस्तोलसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा इटहरी उपमहानगरपालिका-१२ खनारका ३४ बर्षीय काउ भनिने सुशील शाह रहेका छन्। शाहले पेस्तोल लिई हिँडिरहेको भन्ने बिशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय दुहवीबाट खटिएको प्रहरी टोलीले दुहवी-३बाट शाहलाई पक्राउ गरेको हो। शाहको साथबाट प्रहरीले एक थान कटुवा पेस्तोल र एक थान फिङ्गर पौच बरामद गरेको छ। हतियारसहित पक्राउ परेका शाहको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको बताइएको छ।

**कतार आइडी कार्ड हरायो**

**झापाको बिर्तामोडबाट सुरुङ्गा जाने क्रममा मिति २०७८/०९/१२ गते मेरो निम्न व्यहोराको कतार आइडी कार्डसहितको पर्स हराएको हुँदा भेट्नु वा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।**
**नाम : मन्दीप राई**
**ठेगाना : बिर्तामोड नपा-१, झापा**
**कतार आइडी कार्ड नं.: २९४५२४३८०८२**
**सम्पर्क :- ९८४२६२९३४९**

**होटल बिक्रीमा**

**बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल बिक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।**
**मो. ९८०६०३३१५३, ९८२६९०३२५५**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# तमु नयाँ वर्षलाई स्वागत

**भनिएको छ– शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ र परम्परा हराए मान्छे नै हराउँछ । अहिले भौतिकताको विकास, आधुनिक सेवासुविधाको मोह र परसंस्कृतिको अन्धानुशरणले नेपाली नै हराउने अवस्थामाा पुग्न थालेका छौं । सांस्कृतिक, भाषिक, भौगोलिक तथा जातीय विविधताले समृद्ध नेपाल प्राकृतिक सौन्दर्यको समेत भण्डार नै हो । भूगोलले सानो, संख्याले थोरै र विविधताले अद्वितीय नेपाल अनुसन्धाताहरुका लागि स्रोत र सम्पदाका दृष्टिले अति महत्वको छ । यहाँको सम्पन्नतामा जातीय एवम् परम्परागत भिन्नता र भिन्नताकाबीचको एकात्मकताले सुनमा सुगन्ध थपेको छ । हिमाल, पहाड, भित्री मधेश, तराई र उपत्यकामा भूगोलद्वारा वर्गीकृत जनजीवनको विशिष्ट पहिचान छ । त्यही पहिचानसहित गौरवपूर्ण इतिहास भएको एउटा जाति हो गुरुङ, जसले सांस्कृतिक तथा ऐतिहासिक महत्व र अस्तित्व पनि बोकेको छ ।**

**सबैखाले अनेकताकाबीच हार्दिक एकात्मकता कायम गरी बसेका जाति मध्येको गुरुङ जाति आज परम्परा अनुसार नयाँ वर्ष मनाउँदैछन् । तमु ल्होसार भनिने आजको दिन गुरुङहरुको बसोबास भएको अमेरिका, अष्ट्रेलिया, बेलायत, भारत, बर्मा, भुटानमा समेत भव्यतापूर्वक मनाइन्छ । प्रकृतिसँगको निकटता प्रतिबिम्बित हुने गुरुङ जातिको विभिन्न प्रजातिका जनावर प्रतीक रहने गरी महिनाहरुको नाम राखेका हुन्छन् । त्यस्तै वर्षहरुमा आजदेखि शुरु हुने नयाँ वर्ष बाघ वर्ष हो । संस्कार, सभ्यता र हिन्दू तथा बौद्ध संस्कारको समिश्रण रहेको यो समुदायमा आजदेखि पन्ध्र दिनसम्म नयाँ वर्षलाई स्वागत गर्ने परम्परा छ । विश्व समुदायमै बहादुरी, बफादारी, उच्च मनोबल र कर्मठ जातिका रुपमा प्रतिस्थापित गुरुङ जातिले विश्व रंगमञ्चमै गौरव कायम गरेको छ ।**

**मध्य रातिदेखि सार्वजनिक स्थल वा जंगलमा गएर आगो बालेर, धनुषकाँड खेलेर एउटा वर्षलाई विदाइ र नयाँ वर्षलाई स्वागत गर्ने सांस्कृतिक पर्व ल्होसारमा परम्पराका अतिरिक्त, सामुहिक भेला, बितेको वर्षको समीक्षा र आउने वर्षको सृजनात्मक योजनामा समेत केन्द्रीत होस् । नयाँ पिढीलाई सांस्कृतिक तथा परम्परागत विरासत हस्तान्तरण गर्न सकियोस् । प्रकृति, भूगोल, संस्कार, संस्कृति एवम् भाषिक पहिचानसहितको पुर्खाको गौरवलाई अक्षुण्ण राख्न सक्ने, शालिन र सभ्य संस्कारको तहलाई मनन गर्दै समन्वयपूर्ण, सद्भावयुक्त, सहिष्णु समाज निर्माणमा समेत तमु ल्होसार अनुसारको नयाँ वर्षले सबैलाई प्रेरणा दिओस् शुभकामना ।**



# तमु ल्होसार : नयाँ वर्ष

तमु भन्नाले गुरुङ समुदायलाई चिनाउँदछ भने ल्होसार भन्नाले नयाँ वर्ष भन्ने अर्थ लाग्दछ। शाब्दिक रुपमै प्रष्ट छ, आज गुरुङ समुदायको नयाँ वर्ष हो। चाइनीज ज्योतिषशास्त्र र पात्रो अनुसार बर्षमा १२ महिना हुन्छन् र हरेक महिनाहरु जनावरको आधारमा नामांकृत हुन्छन्। यी जनावरहरुमा मुसा, गोरु, गाई, खरायो, चील, पानी घोडा, सर्प, बाँदर, कुखुरा, कुकर, मृग र सुँगुरहरु पर्दछन्। तिब्बती बोद्धमार्गी अनि तिब्बती बर्मेली समुदायमा तीन बर्षभरि प्रकारको ल्होसार मनाउने चलन छ, तमु या तालो ल्होसार, सोनाम ल्होसार अनि ग्याल्बो ल्होसार।

किसान जीवनशैली अनि मौसम र प्रकृतिको निकटता प्रतिबिम्बित गर्न ल्होसार सदियौंदेखि सक्षम छ। विभिन्न भाग या नाममा ल्होसारलाई बाँडे पनि सबै ल्होसारहरुको एउटै मूलभूत उद्देश्य छ, नयाँ बर्षको स्वागत गर्ने। यस समुदायले आज विशेष हर्षका साथ आफ्नो पारम्परिक नयाँ वर्षलाई स्वागत गर्दैछन्। यो नयाँ वर्षको हामी सबैलाई शुभकामना। स्मरण रहोस् आजको यो ल्होसार नेपालमा मात्र नभई तिब्बत, भुटान, भारत, म्यानमार लगायत संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, बेलायत अनि थुप्रै देशहरुमा भएका तमु समुदायले भव्यताका साथ मनाउने गर्दछन्। यसरी आजबाट फेरिने वर्ष या भनौ नयाँ वर्षको सम्वतलाई तमु सम्वत् भनिन्छ। विभिन्न १२ वटा जनावर र चराचुरुङ्गीहरुको प्रतिक स्वरूप रहने यस तमु वर्षमा चाहिँ बाघको वर्ष तो ल्हो रहने छ।

विशेषतः बुद्धिष्ट समुदायले बडो उत्साह र चाखका साथ मनाउने यस पर्वबारे विभिन्न पुस्तक अनि ऐतिहासिक दस्तावेजका अनुसार भगवान बुद्धको यस पृथ्वीमा भएको आगमन अगावै मनाइने गरिएको प्रमाण भेटिएका छन्। बुद्धको आगमन अगावै पनि यस समुदायका व्यक्तिहरु अनि मुख्यतः तिब्बत अथवा भोटका मान्छेहरुले सुगन्धित अगबत्ती र धूप बालेर भगवानको अर्चना गर्दै मध्य हिउँदमा यो पर्व अनि उपासना गर्ने गरेको तिब्बती मूलका विभिन्न पुस्तक र शोधहरुमा उल्लेखित छन्।

तमु समुदायका बारेमा लेखिएका पुस्तक अनि शोधहरुका अनुसार तमुका पुर्खाहरु छैठौं शताब्दीमा तिब्बतबाट नेपाल आएर मुख्यतयाः उच्च हिमाली र उच्च पहाडी भेगमा बस्ने समुदायका रुपमा चिनिन्छन्। पहिले बोन अर्थात् शामानिज्म धर्म अवलम्वन गरेका यी प्राचीन समूदायको सन् २००७ मा भएको जनगणना अनुसार अहिले अधिकांश संख्यामा बौद्धिष्ट र केही क्रिश्चियन अनि हिन्दूहरु रहेको तथ्याङ्क छ। संस्कार, सभ्यता अनि हिन्दू र बबौद्ध संस्कारको अनुपम समिश्रण यो समुदायमा पाइन्छ। वर्ष २०७८ मा भएको जनगणनाको प्रतिवेदन आएपछि यस समुदायको वर्तमान स्पष्ट तथ्यांक आउने छ, हामी सबै त्यस्को पनि प्रतिक्षामा छौं।

विश्व मानचित्रमै तमु समुदायले आफ्नो उच्च मनोबल, साहस, अट्टाहस, बहादुरी अनि बफादारिताले एउटा कर्मठ सैनिक र गोर्खालीका रुपमा नेपालीको शिर सदैव उच्च राखेका छन्। चाहे विश्व यूद्ध होस् या आतङ्कवादविरुद्धको कुनै लडाइँ, चाहे अमेरिकी सैनिक हुन् या बेलायती, भारतीय या विभिन्न अरु देशका, तमु समुदायका युवाहरु अनि तिनका पहिचानको विश्वले विभिन्न कालखण्डमा गौरवशाली वृतान्त दिँदै आएको छ।

मुख्यतयाः ल्होसारको वास्तविक मनाउने चलन र उमङ्ग १५ दिनसम्म रहने गर्दछ। आजबाट १५ दिन अर्थात् नयाँ वर्षको शुरुका १५ दिनहरु हर्षोल्लास अनि उत्साहका साथ विताएमा सम्पूर्ण वर्ष नै उत्साहपूर्ण र सुखद् व्यतित हुने मान्यता रहेको छ। नयाँ वर्ष प्रारम्भ हुने बित्तिकै अर्थात् राति १२ बजे नै तमु समुदायहरु जङ्गल या सार्वजनिक स्थलमा गएर आगो बालेर, धनुषकाँड खेलेर वर्षको विदाइ गरेर नयाँ वर्षको शुरुवात गर्ने गर्दछन्। पश्चिमतर्फ हानेको धनुकाँडले गएको 'ल्हो' अर्थात् वर्षको विदाइ अनि पूर्वतर्फ हानेको धनुकाँडले भोलिपल्ट त्यसै दिशाबाट उदाउने नयाँ वर्ष अर्थात् 'ल्हो'को स्वागत गर्ने चलन छ। बिहानपख नराम्रो ल्हो अर्थात् वर्षहरुलाई आउन नदिन जन्तर बाँध्ने र जङ्गलको रुखमा बाँध्ने चलन छ।

तमु समुदायको विशेषतः गुरुङहरुको युवा-युवतीहरु मध्ये रोधीघर चलन एदमै चर्चित छ। उमेर पुगेका छोराछोरीहरु अभिभावकको निगरानीमा रोधीघरमा गएर नाचगान अनि दोहोरी खेल्ने रसिक चलन रहेको छ। यो अन्त्यन्तै पारम्परिक तथा स्वतन्त्र प्रजातान्त्रिक अभ्यास भएको संस्कृतिका रुपमा मान्न सकिन्छ, जुन एउटा ठूलो सम्पत्ति पनि हो। आजभोलि शहरमा गल्लीपिच्छे देखिने सस्ता अनि हो-हल्ला मात्र हुने रोधीघरहरुले भने तमु समुदायको यो शालिन र सभ्य संस्कारको गहिरो तहलाई बुझ्न सकेका छन् या छैनन्, मनन गर्न जरुरी छ।

प्रथम दिनमा छागंकोल नामक पेयपदार्थ बनाएर ग्रहण गरिन्छ भने दोस्रो दिनलाई राजाको ल्होसारका रुपमा लिइन्छ र ल्होसारको मुख्य आकर्षण नै सामुहिक भेला, नाचगान, वर्षको सामुहिक समिक्षा तथा विमर्श आदि पर्दछ। विशेष परिकारहरुमा सेलरोटि, अचार, मासु, रक्सी आदि पर्दछन्। बाँसको टोकरीमा राखेको सेलरोटी अनि तामा या पित्तलको भाँडामा राखेको अचार, तरुल लगायत कन्दमूल अनि मासुको स्वादले नेपालीपनको अद्भूत आनन्द दिन्छ, हैन जाडोको यो मौसममा छ्याङ, तोङ्बा अनि कोदोको थोरै मदिराको हल्का मादकताले यो चाडको रौनकता अनि रोचकतालाई अझै रसिक बनाउँदछ नि।

काठमाडौंको टुँडिखेलमा आज परम्परागत पहिरनमा तमु समुदायका व्यक्तिहरुलाई हर्षोल्लास पूर्णरुपमा उपस्थित भएको देख्न सकिन्छ। परम्परागत बाजागाजा, झाँकी अनि पारम्परिक पहिचानका खानपिनको झलकहरूले आज तमु संस्कृतीको एउटा सविस्तार परिचय समेटिएका गतिविधि नेपाल अनि विदेशका विभिन्न सार्वजनिक स्थलहरुमा रहनेछ। 'पे म्ह्स्या, छ्या म्हमु, छ्या म्ह्स्या ल्हु म्हमु, ल्हु म्ह्स्या म्हि म्हमु' शास्त्र हराए संस्कृति हराउँछ, संस्कृति हराए परम्परा हराउँछ अनि परम्परा हराए मान्छे नै हराउँछ।

आजबाट शुरु हुने नयाँ वर्षको हरेक पलहरु शुद्ध र धार्मिक हुने जनविश्वास छ। विभिन्न मन्त्रहरु लेखिएका अनि विभिन्न रंगका तोरण, झन्डाहरु घर, डाँडा या बौद्ध बिहारमा झुण्ड्याएको हामी मध्ये सबैले देखेका छौं। आज यसरी झुण्ड्याइने यस्ता झण्डा अनि त्यसमा कुदिएका मन्त्रहरु लगायत ति झण्डालाई फर्रर हल्लाउने हिमाली बतासहरुले हामी सबैको वर्षभरि कल्याण गरुन्। देश-विदेशमा रहनुभएका सम्पूर्ण तमु दाजुभाइ तथा दिदीबहिनीहरुलाई तमु ल्होसारको शुभकामना। *हाम्रो पात्रो*

# विश्वका सबैभन्दा भ्रष्ट व्यक्ति

**एजेन्सी, पुस १४।** अर्गनाइज्ड क्राइम एण्ड रिपोर्टिङ्ग प्रोजेक्ट ओसीसीआरपीले बेलारूसका राष्ट्रपति एलेक्जेन्डर लुकासेन्कोलाई वर्ष २०२१ को सबैभन्दा भ्रष्ट व्यक्ति चयन गरेको छ।

चार अन्य फाइनलिस्टमा अफगानिस्तानका पूर्व राष्ट्रपति अशरफ घनी, सीरियाका राष्ट्रपति बशर अल असद, टर्कीका राष्ट्रपति रेचेप तैय्यप अर्दोआन र अस्ट्रियाका पूर्व चान्सलर सेबेस्टियन कर्ज शामिल थिए।

सीसीआरपीका अनुसार सबैभन्दा भ्रष्ट व्यक्तिको रेसमा अन्तिममा एलेक्जेन्डर लुकासेन्को चुनिएका हुन्। संस्थाका अनुसार छ पत्रकार र जानकारहरुको एक प्यानलले यो फैसला गरेको हो र लुकासेन्को नाम सर्वसम्मतिले चुनिएको हो।

संस्थाका अनुसार लुकासेन्कोमाथि आफ्ना नजिकका मानिसलाई सरकारी पैसा दिएको आरोप लगाएको छ। उनीमाथि हजारौं शरणार्थीलाई



भड्काएर युरोपेली संघका साथ सीमा संकट उत्पन्न गराएको आरोप लगाइएको छ। लुकासेन्को माथि कोभिडको फर्जी उपचार र त्यस बारेमा गलत सूचनाना फैलाएको आरोप लगाइएको छ।

# सुरुङ्गामा प्रदेशस्तरीय अन्तरपालिका भलिबल

**सुरुङ्गा, पुस १४।** कनकाई नगरपालिकास्थित सुरुङ्गामा प्रदेश नं. १ स्तरीय अन्तरपालिका पुरुष भलिबल प्रतियोगिता हुने भएको छ।

सुरुङ्गा जेसीजको आयोजनामा हुन लागेका 'कनकाई भलिबल कप २०७८' पुस १७ गतेदेखि २१ गतेसम्म आयोजना हुने भएको हो। कनकाई माध्यमिक बिद्यालयको खेल मैदानमा हुने भलिबल प्रतियोगितामा प्रदेश नं. १ का सात वटा पालिकाको सहभागिता रहने सुरुङ्गामा पत्रकार भेटघाट गरेर आयोजकले जानकारी दिएको हो।

प्रतियोगितामा भोजपुरको आमचोक गाउँपालिका, मोरङको बेलबारी नगरपालिका, इलामको माईजोगमाई नगरपालिका, झापाको दमक नगरपालिका, भद्रपुर नगरपालिका, कनकाई नगरपालिका र झापा गाउँपालिकाको टिमको सहभागिता रहने आयोजकले जनाएको छ। प्रतियोगितामा प्रथम हुने टिमले एक लाख एक हजार एक सय ११, दोस्रोलाई ५१ हजार एक हजार एक सय ११ र तेस्रो हुनलाई २५ हजार पाँच सय ५५ रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र, मेडल र ट्रफी प्रदान गरिने जनाइएको छ।

यसअघि फुटबल प्रतियोगिता गर्दै आएको जेसीजले आर्थिक अभावका कारण फुटबल गराउन नसकेको बताउँदै भलिबल थोरै खर्चिलो भएकाले यस खेललाई निरन्तरता दिने जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न नौ लाख १६ हजार सात सय ७७ रुपैयाँ अनुमानित खर्च हुने आयोजकले जनाएको छ।

प्रतियोगिता सम्पन्न गर्न कनकाई नगरपालिका, प्रथम पुरस्कार विकास प्रसाई साथै अन्य सह-आयोजक साथै स्थानीय संघ/संस्था र दाताहरुबाट प्राप्त हुने आयोजकले जनाएको छ।

सुरुङ्गा जेसीजकी अध्यक्ष येदुका उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रतियोगिताका संयोजक विवेक शिवाकोटीले गरेका थिए भने कार्यक्रमको औचित्यमाथि प्रकाश जेसीजका वातावरण संयोजक राजु पाठकले पारेका थिए। कार्यक्रममा जेसीज पूर्व अध्यक्ष जविन तिम्सिना, सरला दाहाल पोखरेलको उपस्थिति रहेको कार्यक्रमको सञ्चालन जेसीज महासचिव मेनुका उप्रेतीले गरेकी थिइन्।

# घट्दै छन् स्थायी बन्ध्याकरण गर्नेहरू

**झापा, पुस १४।** पछिल्लो तीन वर्षमा स्थायी बन्ध्याकरण गराउनेको सख्या घट्दै गएको देखिएको छ। आर्थिक वर्ष २०७७/०७८ प्रदेश १ मा तीन हजार सात सय ४३ जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा तीन हजार एक सय ४५ जना महिला र पाँच सय ९८ जना पुरुष छन्। बन्ध्याकरण गर्नेको संख्यालाई आधार मान्दा ८४ प्रतिशत महिलाले स्थायी बन्ध्याकरण गरे भने र १६ प्रतिशत मात्रै पुरुषले स्थायी बन्ध्याकरण गरेका छन्।


परिवार कल्याण महाशाखाको २०७७/०७८ को तथ्याङ्क अनुसार स्थायी बन्ध्याकरण गर्ने महिलाको संख्या पुरुषको तुलनामा झन्डै चार गुणाले बढी छ। स्थायी बन्ध्याकरण गर्नेको संख्या १६ हजार तीन सय ९० रहेको छ। जसमध्ये १२ हजार सात सय ९० (७८.१ प्रतिशत) महिलाको संख्या छ भने तीन हजार पाँच सय ९७ जना (२१.९ प्रतिशत) पुरुष रहेका छन्। यौन क्षमतामा कमी आउने, कमजोर हुने भ्रमका कारण पुरुषले महिलालाई स्थायी बन्ध्याकरण गराउन लगाउने परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. कीतिपाल सुवेदीले बताउँछन्। उनका अनुसार महिलाको तुलनामा पुरुषको स्थायी बन्ध्याकरण सुरक्षित र सजिलो हुन्छ।

पछिल्लो तीन वर्षमा नेपालमा ६४ हजार सात सय ३६ जनाले स्थायी बन्ध्याकरण गराएका छन्। आर्थिक वर्ष २०७५/०७६ मा २६ हजार नौ सय ९४, जना, २०७६/७७ मा २१ हजार तीन सय ५२ र २०७७/०७८ मा १६ हजार तीन सय ९० जनाले स्थायी बन्ध्याकरण गराएको तथ्यांकमा उल्लेख छ। आर्थिक वर्ष २०७६/०७७ मा स्थायी बन्ध्याकरण गराउनेको संख्या २०७५/०७६ को तुलनामा पाँच हजार छ सय ४२ र २०७७/०७८ मा २०७६/०७७ तुलनामा चार हजार नौ ससय ६२ ले घटेको देखाएको छ।

**कुन प्रदेशमा कति ?**

तराईका अधिकांश जिल्लामा स्थायी बन्ध्याकरण गराउने महिला नै बढी देखिएको छ। कुनै-कुनै महिलाले परिवारको कमाउने मान्छे कमजोर हुन्छ भनेर आफैंले पनि स्थायी बन्ध्याकरण गराउने गरेको छ। महिलाले श्रीमानले काम गरेर परिवार पाल्नुपर्छ भनेर महिला आफैं बन्ध्याकरण गर्ने गरेका धेरै घटना छन्। प्रदेश २ मा २०७७/०७८ मा चार हजार पाँच सय ५३ जनाले स्थायी बन्ध्याकरण गराएका छन्। जसमा चार हजार चार सय २० महिला र एक सय ३३ जना पुरुष छ।

प्रदेश २ मा २०७७/०७८ मा चार हजार पाँच सय ५३ जनाले स्थायी बन्ध्याकरण गराएका छन्। जसमा चार हजार चार सय २० महिला र एक सय ३३ जना पुरुष छन्। २०७७/०७८ बाग्मती प्रदेशमा दुई हजार ७४ जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा एक हजार एक सय पाँच जना महिला र नौ सय ६९ पुरुष छन्। बाग्मती प्रदेशमा ५३.३ प्रतिशत महिला छन् भने ४६.७ प्रतिशत पुरुष छन्।



२०७७/०७८ गण्डकी प्रदेशमा आठ सय ६० जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा चार सय ६० जना महिला र चार सय पुरुष छन्। गण्डकी प्रदेशमा ५३.५ प्रतिशत महिला र ४६.५ प्रतिशत पुरुष छन्। २०७७/०७८ लुम्बिनी प्रदेशमा दुई हजार छ सय ६५ जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा दुई हजार तीन सय ८७ जना महिला र दुई सय ७८ पुरुष छन्। लुम्बिनी प्रदेशमा ८९.६ प्रतिशत महिला र १०.४ प्रतिशत पुरुष छन्।

त्यस्तै २०७७/०७८ कर्णाली प्रदेशमा आठ सय २८ जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा एक सय ९६ महिला र नौ सय ३३ पुरुष छन्। २३.६ प्रतिशत र ७६.४ प्रतिशत पुरुष छन्। र, २०७७/०७८ सुदुरपश्चिम प्रदेशमा एक हजार छ सय ६६ जनाले स्थायी बन्ध्याकरण गरेका छन्। जसमा एक हजार ८० जना महिला र पाँच सय ८६ पुरुष छन्। ६४.८ प्रतिशत महिला र ३५.२ प्रतिशत पुरुष छन्।

**स्थायी बन्ध्याकरण भनेको के हो ?**

सन्तानको रहर पुगिसकेपछि स्थायी बन्ध्याकरण गर्ने गर्दछन्। महिला, पुरुष दुबैलाई बेहोस नबनाई लोकल एनेस्थेसिया (जहाँ गर्ने हो, त्यहाँ मात्र सुई लगाएर गरिन्छ) मार्फत स्थायी बन्ध्याकरण गर्ने गरिन्छ। स्थायी बन्ध्याकरण पुरुष र महिलाको लागि फरक-फरक तरिकाले गरिन्छ। पुरुषको लागि गरिनेलाई भ्यासेक्टोमी भनिन्छ भने महिलाको स्थायी बन्ध्याकरणलाई मिनील्याप भन्ने गरिन्छ। डा.सुवेदीका अनुसार भ्यासेक्टोमी भनेको पुरुषमा रहेको शुक्रकीट बहने नलिलाई काट्ने प्रक्रिया हो। पुरुषको स्थायी बन्ध्याकरणमा शुक्रकीट जाने नलीलाई मात्र बन्द गर्ने हो। महिलामा गरिने मिनील्याप अलि जटिल हुन्छ। महिलाको डिम्बको दुई वटा नसा काट्नुपर्ने हुन्छ। स्थायी बन्ध्याकरणपछि पुरुषमा यौन क्षमतामा कमी आउने, कमजोर हुने भन्ने कुरामा कुनै सत्यता नभएको डा. सुवेदीले स्पष्ट पारे।

**निःशुल्क स्थायी बन्ध्याकरण गर्न आग्रह**

बन्ध्याकरण वर्षभरी नै गर्न मिल्ने भए पनि अधिकांशले मंसीरदेखि चैत महिनासम्ममा मात्र गर्छन्। जिल्लास्थित सरकारी स्वास्थ्य संस्थामा कुनै पनि व्यक्तिले निःशुल्क रुपमा स्थायी बन्ध्याकरण सेवा लिन सकिने बताइएको छ। परिवार नियोजन सेवाको दुईवटा विधि मात्र पुरुषले गर्न सक्छन्। एक, कण्डमको प्रयोग र दोस्रो, स्थायी बन्ध्याकरण। तर, यी दुबै विधि प्रयोग गर्नेको पुरुषको संख्या निकै कम रहेको सरकारी तथ्यांकमा उल्लेख छ।

# पल्मोनरी हाइपरटेन्सन न्यूनीकरण गर्न स्वास्थ्य शिविर




**अर्जुनधारा, पुस १४।** पल्मोनरी हाइपरटेन्सन एशोसिएशएन नेपालको आयोजना र मारवाडी महिला मञ्च तथा मारवाडी युवती मञ्च बिर्तामोडको संयोजनमा एक दिवसीय मुटु रोग परीक्षण शिविर बुधबार झापाको अर्जुनधारामा सम्पन्न भएको छ।

अर्जुनधारा-७स्थित अरुणोदय आधारभूत विद्यालयमा आयोजित उक्त शिविरको उद्देश्य मुटु रोगका कारण पल्मोनरी हाइपरटेन्सन अर्थात् फोक्सोमा उच्च रक्तचाप हुने अवस्थालाई न्यूनीकरण गर्ने रहेको पीएचए नेपालका मेडिकल कोअर्डिनेटर डा. रोशन खतिवडाले जानकारी दिए।

पीएचए नेपालकी उपाध्यक्ष एवम् मारवाडी महिला मञ्चकी अध्यक्ष निलम अग्रवालको अध्यक्षतामा आयोजित शिविरमा पीएचए नेपालका मेडिकल कोअर्डिनेटर डा. खतिवडासँगै शिविरका संयोजक डा. जर्ज बुसजँग कटुवाल र डा. सञ्चित ढकालले सहभागीहरुको स्वास्थ्य परीक्षण गरेका थिए।

एक सय २४ जना बिद्यार्थीसहित जम्मा एक सय ६० जनाले सेवा लिएकामध्ये नौ जनालाई थप परीक्षणको लागि बिर्तामोडस्थित सञ्जीवनी अस्पतालमा पठाइने पीएचए नेपालकी उपाध्यक्ष अग्रवालले जानकारी दिइन्।

त्यसैगरी शिविरका सहभागीहरुलाई निःशुल्क औषधिसँगै पल्मोनरी हाइपरटेन्सनविरुद्ध जनचेतना फैलाउने किसिमको चेतनामूलक पर्चाहरु वितरण गरिएको मारवाडी युवती मञ्चकी संयोजक ऋचा अग्रवालले बताइन्।

यस अघि काठमाडौं, मोरङ, सोलुखुम्बू, भोजपुर, सिन्धुपाल्चोकलगायत २२ जिल्लामा सञ्चालन गरिएको शिविरबाट सात हजारभन्दा बढीले सेवा लिएको पीएचए नेपालका मेडिकल कोअर्डिनेटर डा. खतिवडाले जानकारी दिए। जसमध्ये ३ देखि ४ प्रतिशत पल्मोनरी हाइपरटेन्सन र ८ प्रतिशत मुटु रोगी फेला परेका थिए।

शिविरमा भेटिएका पाँचदेखि १५ वर्षसम्मका बिद्यार्थीहरुका लागि भने संस्थाले निःशुल्क उपचार गर्ने र त्यस उमेर समूहभन्दा माथिका बिरामीहरुका लागि उपचारको लागि आवश्यक परामर्श दिने पीएचए नेपालकी कोषाध्यक्ष बिमला बस्नेत थापाले बताइन्।

उनका अनुसार आगामी दिनमा कोही पनि बालबालिका पल्मोनरी हाइपरटेन्सन जस्तो प्राणघातक रोगको शिकार हुन नपरोस् भन्ने लक्ष्य लिई हाल अमेरिकामा रहेको डा. चूडामणि खनालले पीएचए नेपालको स्थापना गरेका हुन्।

सोही शिविरमा मारवाडी महिला मञ्च र मारवाडी युवती मञ्चले विद्यार्थीहरुको लागि दिवा खाजा र शिविरका सहभागीहरुलाई मास्क वितरण गरेका थिए।

यता सोही दिन पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वर धाममा रहेको गुरुकुलमा पनि उक्त सेवा दिइएको बताइएको छ।


## बिमालेख हरायो

राजगढबाट बिर्तामोड आउने क्रममा यही मिति २०७८/०८/०४ गते मेरो निम्न व्यहोराको एल.आई.सी.नेपाल लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- प्रकाश रिमाल
**ठेगाना**:- बाह्रदशी-२, झापा
**बीमालेख नं.**:- २००००७०१४
**कम्पनी नाम**: एल.आई.सी. नेपाल लिमिटेड
**सम्पर्क**: ९८०४९१३८२२

## कर्मचारी चाहियो

एक नयाँ सैलुनका लागि कपाल काट्न जान्ने अनुभवी नाइ आवश्यकता परेकोले दक्ष व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
**सम्पर्क :- ९८०३४०१९७०**

## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको थ्री ब्रोदर्स रेष्टुरेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ।
**सम्पर्क : ९८०८३२७४५०**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।
**सम्पर्कः ०२३-५५२६२०**
९८४२६५५७००, ९८०४९३८१००

## आवश्यकता

यस कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।
**पदः** P.R.O. / MR
**योग्यता :** SEE / +2, सो सरह
**तलबः** १५०००/-
**कागजातः** नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र, पीपी साइजको फोटो ५ प्रति।
**सम्पर्कः ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड-५, झापा शनिश्चरेरोड
फोन : ९८६६६७२५७९, ९८२९३१८७३६

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।
**सम्पर्कः**
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

**नारायणप्रसाद बाँस्तोला**
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।
**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
*नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।*

## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

**डा. मुक्ति आचार्य**
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

**मेडिसिटी फार्मेसी**
भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

**पर्फेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा**
दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग तालिम पश्चात रोजगारीको व्यवस्था साथै विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**फोन** : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
**स्थान** : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## कर्मचारी आवश्यकता

यस नटराज एग्रो प्रा. लि.का लागि निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**पद : लेखापाल** **संख्याः** ३ जना
**योग्यता** : बी.बी.एस. पास
**पद** : सहायक लेखापाल **योग्यताः** बी.बी.एस.वा सो सरह
*सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिइनेछ।*
**तलब** : आपसी समझदारीमा
सम्पर्क : **उपकार ब्राण्ड**
**नटराज एग्रो प्रा. लि.**
**शाखा कार्यालय बिर्तामोड**
**फोन नं. : ९८६२२७४४०५, ९८२०७१६११३**

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५
**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## डा. सन्दिप चन्द्र श्रेष्ठ

**वरिष्ट फिजिसियन**
MBBS (KTM) KU. MD (JRRMMC)
वरिष्ट पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइड रोग विशेषज्ञ
प्रत्येक दिन बिहान र बेलुका
सम्पर्क: **सनसाइन मेडीसीन सेन्टर**
भद्रपुररोड, सानिमा बैंक अगाडि बिर्तामोड, (फोन नं.: ०२३-५३४१३२)

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
**पानीटंकीको पहिलो गल्ली बायाँ साइड**
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७७७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## जिल्ला निर्वाचन कार्यालय

भद्रपुर, झापा

### मतदाता नामावली नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरूलाई मतदाता नामावलीमा नाम दर्ता गराउने जिल्ला निर्वाचन कार्यालय झापाको अत्यन्त जरुरी सूचना

निर्वाचन आयोगको निर्णय अनुसार झापा जिल्लाका १५ वटै स्थानीय तहहरुमा मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुलाई लक्षित गरेर जिल्ला निर्वाचन कार्यालय झापाले मिति २०७८/०८/१७ गतेदेखि मतदाता नामावली नाम दर्ता टोली खटाउँदैछ। नाम दर्ता गर्न छुट भएका योग्य मतदाताहरुले तपशिल बमोजिमको मिति र स्थानमा तद्नुरुपको कागजातहरु लिई उपस्थिति हुनका लागि अनुरोध गरिन्छ।

**तपशिल**

| क्र.सं. | स्थानीय तहहरुको नाम | कार्यक्रम सञ्चालन हुने मिति | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | बिर्तामोड नपा, अर्जुनधारा नपा, हल्दिबारी गा.पा. कमल गा.पा., शिवसताक्षी नपा र कन्काई नपा | वि.सं. २०७८/०८/१७ गतेदेखि वि.सं. २०७८/०९/०२ सम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| २. | मेचीनगर नपा, बुद्धशान्ति गा.पा., कचनकवल गा.पा., गौरादह नपा, झापा गा.पा., बाह्रदशी गा.पा. | वि.सं. २०७८/०९/०४ देखि २०७८/०९/१८ गतेसम्म | सम्बन्धित स्थानीय तहको कार्यालय |
| ३. | भद्रपुर न.पा. | निरन्तर दर्ता | जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय भद्रपुर झापा |
| ४. | दमक न.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय दमक, झापा |
| ५. | गौरीगञ्ज गा.पा. | निरन्तर दर्ता | इलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापा |

**आवश्यक कागजातहरु**
१. सम्बन्धित ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाणपत्र मात्र।
२. अन्यत्र ठेगाना उल्लेख गरी जारी भएको नागरिकता भएमा- नेपाली नागरिकताको प्रमाण पत्र र बसाइसराईको सक्कल प्रमाण पत्र।
३. विवाह गरेर आएका महिलाका लागि श्रीमान र श्रीमतीको नागरिकता तथा विवाह दर्ताको सक्कल प्रमाण पत्र।
द्रष्टव्यः बाहिर जिल्लाका योग्य मतदाताहरुको लागि सम्बन्धित जिल्लामै ठेगाना राखी नाम दर्ता गर्न चाहेमा जिल्ला निर्वाचन कार्यालय भद्रपुर झापामा मिति २०७८/०८/१७ देखि २०७८/०९/१८ सम्ममा सम्पर्क राख्नु होला।

**जिल्ला निर्वाचन कार्यालय** **तुलसीकुमार नेपाल : जिल्ला निर्वाचन अधिकारी**


## ठाकुर पोलिक्लिनिकमा विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914
Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

**डा. शम्भु नवल**
MBBS MS (TU/IOM)
Gold Medalist NMC 6724
Consultant General Lepeoscopic & Uro-Surgeon
समयः दैनिक बिहान ७-८ बजेसम्म

**डा. शशांकराज पोखरेल**
(MBBS) MD (Psychiatry) BPKIHS, Dharan
वरिष्ठ टाउको नसा तथा मानसिक रोग विशेषज्ञ
समयः प्रत्येक दिन दिउँसो ५ बजेपछि

**डा. लभराज लोहनी**
Fellowship Of Rheumatologist
(AIIMS, New Delhi) NMC 11300
MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
समयः प्रत्येक बिहान ७-९ बजेसम्म, साँझ ५-६ बजे

**डा. केशव ढकाल**
MBBS MD (BPKIHS) Dermatologist NMC 2910
वरिष्ठ छाला, कुष्ठ तथा यौन रोग विशेषज्ञ
समय : प्रत्येक दिन २ बजेपछि

**डा. विवेक रौनियार**
MBBS MD (Neuro Physician) NMC
वरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ
समयः प्रत्येक शनिबार मध्यान्न १२ बजेपछि

**डा. केशव मण्डल**
MBBS (BPKIHS) NMC 13303
नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक बिहान ८-१० बजे र साँझ ५ बजेपछि

**डा. अरुण फुयाल**
MBBS MD (KUSMS) NMC 18337
Radiologist & Imaging
समयः दैनिक बिहान ७-८ बजेसम्म साँझ ५ बजेपछि

**डा. धीरज गिरी**
MBBS, MS (ENT)
वरिष्ठ नाक, कान, घाँटी रोग विशेषज्ञ
दैनिक सेवा

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

### विशेष छुटका साथ स्वास्थ्य जाँच सम्बन्धी सूचना

**डा. पिताम्बर ठाकुर**
MBBS, MD (TU) NMC-1914] Consultent Physician
ओ.पी.डी. ५०% छुट - पौष ४ गतेदेखि ७ गतेसम्म, ओ.पी.डी. २५% छुट- पौष ८ गतेदेखि १५ गतेसम्म
**सुगर टेस्ट र पिसाब जाँच निःशुल्क,** ***पुस १ गतेदेखि १५ गतेसम्म***
भिडियो एक्स-रे, इसीजी, एक्स-रे, प्याथालोजी सेवामा २५% छुट, पुस १ गतेदेखि १५ गतेसम्म
**पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१**




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
बोलीको प्रभावले आय-आर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुने छ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलीमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनिन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउनेछ, बोलीको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्, मन प्रसन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मिश्रित फलको समय छ, काममा उतार-चढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
लामो दूरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।